बकैया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हात्तीसुडे, मकवानपुर

बागमती प्रदेश, नेपाल

**आ.व. २०७९/०८० को लागि ढुङ्गा, गिटि, बालुवा, ग्राभेल आदी नदिजन्य पदार्थ उत्खनन् संकलन र बिक्रिको ठेक्का सम्बन्धि सिलबन्धि बोलपत्र (टेण्डर) आव्हानको सूचना ।**

पहिलो पटक बोलपत्र प्रकाशित मिति : २०७९/०९/२१

ठेक्का सूचना नं. :BRM/NCBR/02/079-080

बोलपत्र दाताको नाम :

ठेगाना :

सम्पर्क व्यक्ति :

सम्पर्क नं. :

सम्पर्क इमेल :

बकैया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हात्तीसुडे, मकवानपुर

बागमती प्रदेश, नेपाल

महेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**कबोल पत्र**

ठेक्का नं. : BRM/NCBR/02/079-080

उत्खनन् संकलन परिमाण स्थल : **सुकौरा खोलाको कर्मचुलि खेलमैदानको आसपासबाट, बकैया खोलाको लागि जुइना झोलुङ्गे पुलको तल्लो क्षेत्रबाट**

| क्र.सं. | कामको विवरण | अधिकतम परिमाण(घन मिटरमा) | न्युनतम ठेक्का दर प्रति घ.मि (रु) (मु.अ.क. बाहेक) | कबोल रकम मु.अ.क. बाहेक | |
|---|---|---|---|---|---|
| | | | | अङकमा | अक्षरमा |
| १ | बकैया र सुकौरा खोलाको बिभिन्न तोकिएको घाटका क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य | ८०,०००। | | | |
| | जम्मा | | | | |
| | मु.अ.कर १३ % | | | | |
| | कुल जम्मा | | | | |
| | कुल जम्मा (मु.अ.कर सहित ) रु . | | | | |
| | धरौटि रकम (अंकमा) रु. | | | | |
| | धरौटि रकम (अक्षरमा) रु. | | | | |

नोटः धरौटी रकम कबोल अंक (मु.अ.कर सहित) को न्युनतम ५% हुनुपर्नेछ ।

बझलपत्रदाताको विवरण :

फर्मको नाम :

ठेगाना :

सहिछाप :

मिति :

सम्पर्क नं. :

बकैया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हात्तीसुडे, मकवानपुर,बागमती प्रदेश, नेपाल

महेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## ढुङगा,गीटी, बालुवा, ग्राभेल आदी नदिजन्य पदार्थ उत्खनन् संकलन र बिक्रि गर्ने सम्बन्धि सूचना

## प्रथम पटक प्रकाशित मिति : २०७९/०९/२१

बकैया गाउँपालिकाको स्वीकृत परिमाण बमोजिमको नदिजन्य पदार्थ ढुङगा, गीटी, बालुवा, ग्राभेल आदी नदिजन्य पदार्थ उत्खनन् संकलन र बिक्री सम्बन्धि कार्य गर्न आ.व.२०७९/०८० को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र,मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र कोलो सूचिमा नपरेको स्वःघोषणा पत्र सहित रितपूर्वको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

**प्याकेज २. उत्खनन् संकलन परिमाण स्थल (सुकौरा खोला क्षेत्रबाट ५३,०००.०० घ.मि. र बकैया खोला क्षेत्रबाट २७,०००.०० घ.मि.)**

| सि.नं. | ठे.नं. | अधिकतम परिमाण | न्युनतम ठेक्का अंक (मु.अ.क. सहित) | धरौटी रकम | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोलिने गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRM/NCBR/02/079-080 | ८०,०००। घ.मि. | २,८७,२०,०८०।०० | भ्याट सहित कबोल रकमको ५% | ३००० | २०७९।१०।२२ | २०७९।१०।२२ | २०७९।१०।२२ |

**शर्तहरु :**

१) बोलपत्र फारम पेश गर्ने फर्मले बोलपत्र दस्तुर बापतको रकम यस गाउँपालिकाको सेन्चुरी कर्मसियल बैंक लि.,हात्तीसुँडेको आन्तरिक राजश्वखाता नं. ०८१००००००२ GE मा जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद सहित फर्मको इजाजत पत्र , मु.अ.कर दर्ताको प्रमाणपत्र ,आ.व.२०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

२) ठेक्का अवधि, ठेक्का सम्झौता भएको मिति देखि २०८० असार मसान्त सम्म हुनेछ । तर नदिवाट नदीजन्य पदार्थ संकलन / उत्खनन् कार्य २०८० जेष्ठ मसान्त सम्म मात्र कायम रहनेछ।

३) बोलपत्र फारम मिति २०७९।१०। २२ गते दिनको १२:०० बजे सम्ममा e-bidding मार्फत दर्ता गर्न सकिनेछ । र online मार्फत दर्ता भएकाबोलपत्रहरु मिति २०७९।१०।२२ गते दिनको १:०० बजे यस कार्यालयमा प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ।प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । साथै बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन मानिने छ। साथै e-bidding मार्फत बोलपत्र पेश गर्नको लागि www.bolpatra.gov.np/egp बाट पेश गर्न सकिनेछ । यस बोलपत्र दर्ता तथा खरीदको लागि online मात्रको व्यबस्था गरीएको छ।

४) बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ आफुले कबोल गरेको अंक (मू.अ.क.सहित) को न्युनतम ५% ले हुन आउने धरौटी रकम बकैया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको सेन्चुरी कर्मसियल बैंक लि.,हात्तीसुडे

शाखाको धरौटी खाता न. ०८१०००००१२ GE मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस गाउँपालिका कायालयको नाममा जारी गरेको वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ।म्याद नाघी वारित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

महेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

५) बोलपत्रदाताहरुले कबोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६) बोलपत्र फारमको प्रत्येक पानामा फर्मको छाप र आधिकारीक व्यक्तिको हस्ताक्षर भएको हुन पर्नेछ।

७) बोलपत्र स्वीकृती भएको जानकारी पाएको १५ (पन्ध्र) दिन भित्र प्रस्ताव दाताले पहिलो किस्ता बापत २५% ले हुने रकम मू.अ.कर सहितको रकम सेन्चुरी कर्मसियल बैंक लि.,हात्तीसुँडे शाखाको स्थानीय तह विभाज्य कोष खाता न. ०८१०००००१५ GE खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। बाँकी किस्ता रकम चालु आ.व. को जेष्ठ मसान्त भित्र मू.अ.क. सहितको रकम दाखिला गरी सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।साथै सझौता अङ्कको ७५% ले हुने आउने रकम र सो को मु.अ.कर सहितको रकम नेपाल सरकारबाट मान्यता प्राप्त बैंकहरुबाट यस गाउँ पालिका कार्यालयको नाममा सम्झौता मितिबाट सम्झौता अवधि सकिनु भन्दा कम्तीमा दुई महिना बढी म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) संझौताको समयमा पेश गर्नु पर्नेछ।

८) यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट www.Bakaiyamun.gov.np बाट समेत जानकारी लिन सकिनेछ।साथै यस कार्यालयको सूचना पाटीमा समेत टांस गरिएको छ।

९) ठेक्का सम्बन्धी प्रिविड मिटिंग मिति २०७९/१०/०५ गते दिउंसो २:०० बजे यसै कार्यालयमा हुनेछ ।

१०)कुनै कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत / अस्वीकृत गर्ने अधिकार बकैया गाउँपालिकामा सुरक्षित रहनेछ ।

११)उक्त निर्माण सामग्री झिक्नु पर्ने स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन वा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ । साथै सो खर्च गाउँपालिकासंग दाबी गर्न पाउनेछैन । ढुङगा , गिट्टी, बालुवा, ग्राभेल आदी निकाल्दा कुनै व्यक्ति वा निकायको निजी जग्गा भएर जान आउन पर्ने भएमा सम्बन्धित व्यक्ति वा निकायको स्वीकृति ठेकेदार आफैले लिनुपर्नेछ ।नदीजन्य पदार्थ सामाग्री ओसारपसार गर्दाको समयमा सडकमा धुलो वा हिलो भई आवागमनमा असर गरेमा ठेकेदारले सडक मर्मत आफ्नै खर्चबाट गराउनु पर्नेछ।

१२)नदी जन्य पदार्थ संकलन/उत्खनन गर्दा स्वीकृत IEE प्रतिवेदन, नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका नियमनसम्बन्धी प्रतिवेदन र कार्यविधिहरु , ढुंगागिटि, बालुवा, जिल्ला अनुगमन तथा समन्वय समितका निर्णयहरु तथा प्रचलित सम्बन्धितकानुनका व्यवस्थालाई पालना गर्नु प्रस्तावदाताको कर्तव्य हुनेछ।

१३)IEE प्रतिवेदन अनुसार जुन जुन ठाउँबाट मेशिन प्रयोग गरी ढुङगा , गिट्टी, बालुवा, ग्राभेल उत्खनन् गर्ने भनी उल्लेख भएको छ।सो स्थानमा मात्र मेशिन प्रयोग गर्न पाइनेछ । साथै IEE प्रतिवेदन अनुसार मेशिन प्रयोग गर्न नपाईने स्थानको हकमा तालुक न्त्रालयबाट स्थान तोकि मेशिन प्रयोग गर्न स्विकृति प्रदान भएमा सोही बमोजिम हुनेछ ।

१४)यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१५) कुनैपनि बन्द, हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाइ छुट वा मिनाहाको दावी गर्न पाइने छैन । नदीजन्य पदार्थ उत्खनन्,संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र / दर भाउ पत्र दाता स्वंयले व्यवस्थापन गर्नु पर्नेछ तथा बकैया गाउँपालिकाबाट आवश्यक समन्वय गरिनेछ।

१६) उत्खनन् गरिएको नदीजन्य पदार्थ नदी किनारा वा सार्वजनिक चौर /स्थानमा घाटगद्धी गन पाइने छैन , त्यसका लागि बोलपत्र / दरभाउ पत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नु पर्नेछ ।

१७) अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको फोन नं. ९८५५०८८०६६ मा सम्पर्क राख्नसकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत